# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७४।०९।०२ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

मालपोत कार्यालय कलङ्की, काठमाडौंमा कार्यरत नायब-सुब्बाद्वय शेरबहादुर थापा र नारायणमणी खनाल र कानून व्यवसायी कपिलदेव खड्का समेतले जग्गा हाल साविक गरी जग्गा धनी प्रमाण पुर्जा बनाउने प्रयोजनको लागि विभिन्न बहानामा सेवाग्राहीसँग घुस रिसवत माग गरिरहेको भन्ने उजुरी एवम् निवेदनको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिइ गएको टोलीले निजहरुलाई घुस बापतको रु.३०,०००/- (तीस हजार) लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा नायब-सुब्बाद्वय शेरबहादुर थापा र नारायणमणी खनालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसूर गरेको पुष्टि हुन आएको हुँदा निजहरुलाई जनही बिगो रु.३०,०००/- (तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदावी लिई र विचौलिया कपिलदेव खड्काले अनुसन्धानमा आयोगलाई सहयोग गरेको कारणबाट निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ एवम् अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १९ को उपदफा १५ बमोजिम सजायको मागदाबीमा पूर्ण छुट दिने र निजलाई सरकारी साक्षीको रुपमा प्रयोग गरी आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(विष्णु प्रसाद पोखरेल)
सह-सचिव एवं प्रवक्ता